प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर नेपाल

प.सं.: २०८०/०८१
च.नं.: ६२४

मिति: २०८०/१२/३०

विषय : आ.व. २०८१/०८२ को बजेट सीमा र मार्गदर्शन सम्वन्धमा ।

श्री सचिव ज्यू ।

नेपालको संविधानको धारा २०७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा २ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १५ अनुसार असार १ गते प्रदेशको आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको विदितै छ । यसका लागि त्यहाँ मन्त्रालय/निकायको कार्यक्षेत्र भित्र आगामी आ.व. २०८१/०८२ मा सञ्चालन गरिने कार्यक्रमहरु र सो को लागि आवश्यक पर्ने रकम त्यहाँ मन्त्रालय/निकायलाई उपलव्ध गराईएको सीमा भित्र रही बजेट प्रस्ताव गर्नुहुन अनुरोध छ। प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा त्यहाँ मन्त्रालय/निकायको बजेट सीमा उपलव्ध गराइएको छ। उपलव्ध सीमा भित्रै रही निम्नानुसारका मार्गदर्शनको परिपालना गरी क्रियाकलापमा आधारित बजेट प्रस्ताव गर्नुहुनेछ ।

१. पन्ध्रौं योजना, दिगो विकास लक्ष्य, सोह्रौं योजनाको अवधारणापत्र र प्रदेश सरकार, कोशी प्रदेशको प्रथम आवधिक योजनाले निर्धारण गरेको सोच, उद्देश्य, रणनीति, कार्यनीति र नतिजा खाकाको आधारमा प्राथमिकता निर्धारण गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ ।

२. प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ ले तोकेका आफ्नो मन्त्रालय अन्तर्गतको कार्यक्षेत्रभित्र मात्र रहेर बजेट प्रस्ताव गर्नु हुनेछ ।

३. चालु आ.व.को नीति तथा कार्यक्रमको निरन्तरता र प्रदेश सरकारबाट समय समयमा भएका नीतिगत मार्गदर्शनहरुलाई समेत ध्यान दिई बजेट प्रस्ताव गर्नुहुनेछ ।

४. एक भन्दा बढी मन्त्रालय वा निकायको सहयोग तथा समन्वयमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको लागि सम्वन्धित सबै निकायसंग समन्वय गरेर मात्र कार्यक्रम तथा बजेट प्रस्ताव गर्नुहुनेछ ।

५. बजेट प्रस्ताव गर्दा "एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ (अद्यावधिक संस्करण)" बमोजिमको खर्च शीर्षक वर्गीकरण बमोजिम गर्नुहुनेछ । आयोजनाको सञ्चालनका लागि आवश्यक पर्ने रकम सम्वन्धित खर्चशीर्षकमा नै विनियोजन गर्नुहुनेछ ।

६. प्रदेश योजना आयोगसंगको समन्वयमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी बजेट प्रस्ताव गर्नुहुनेछ । यसरी मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनुसूची-१ को ढाँचामा गर्नुहुनेछ।

७. भूगोल, जनसंख्या, जिल्ला, विकासको आवश्यकता र प्रदेश निर्वाचन क्षेत्र आदिको आधारमा सन्तुलित एवम् समानुपातिक तवरले बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।

फोन नं. ०२१-५७३६७६
इमेल: info.moeap@p1.gov.np

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर नेपाल

प.सं.: २०८०/०८१
च.नं.: ६२४

मिति: २०८०/१२/३०

८. आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम हुने गरी आफ्नो मन्त्रालय अन्तर्गतका कार्य जिम्मेवारीमा पर्ने आयोजना/कार्यक्रम मात्र प्रस्ताव गर्नुहुनेछ ।

९. पूँजीगत बजेटका हकमा नतिजा तथा लागत प्रभावकारिता र चालु बजेटका हकमा उपलब्धी विश्लेषण र मितव्ययितालाई प्रमुख सिद्धान्तको रुपमा अवलम्वन गरी वित्तीय अनुशासन कायम गर्ने र खर्चलाई नतिजासंग आबद्ध हुने गरी बजेट प्रस्ताव गर्नुहुनेछ ।

१०. मन्त्रालयले आयोजना/कार्यक्रममा बजेट प्रस्ताव गर्दा चालु खर्च तर्फको कार्यक्रम प्रस्ताव तयार गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनुसूची-३ बमोजिम र पूँजीगत खर्च तर्फको कार्यक्रम प्रस्ताव गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा विवरण तयार गरेर मात्र गर्नुहुनेछ।

११. स्वीकृत वार्षिक कार्यक्रम पहिलो त्रैमासिकमा संशोधन वा रकमान्तर हुने छैन । वार्षिक योजनाको आधारमा यथार्थपरक हुने गरी आर्थिक वर्षको बीचमा कार्यक्रम संशोधन गर्न नपर्ने गरी त्रैमासिक विभाजन सहित स्पष्ट रुपमा बजेट प्रस्ताव गर्नुहुनेछ ।

१२. विभिन्न आयोजना तथा कार्यक्रममा विधिसम्मत रुपमा भएको खर्चको भुक्तानी गर्नुपर्ने सिर्जित दायित्वको रकम अनिवार्य रुपमा प्रस्ताव गर्नुहुनेछ। सो नगरिएको अवस्थामा उक्त कार्यक्रमबाट सिर्जित दायित्व भुक्तानीका लागि बजेट व्यवस्थापन गर्न नसकिने।

१३. हाल कार्यान्वयनमा रहेका आयोजनाहरु सम्पन्न हुने गरी बजेट विनियोजन गरिसके पश्चात मात्र नयाँ योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्नुहुनेछ।

१४. करारका जनशक्तिहरुको लागि स्वीकृत संगठन संरचना र दरबन्दी अनुसारको सेवा सुविधा बापतको रकम मात्र विनियोजन प्रस्ताव गर्नुहुनेछ।

१५. सम्भव भएसम्म आयोजना/कार्यक्रमको संख्या घटाउनुहुनेछ। चालु आर्थिक वर्षमा कार्यान्वयन हुन नसकेका आयोजनाको सूची तयार गरी पुनः प्रस्ताव गर्दा कार्यान्वयन हुने आयोजना मात्र प्रस्ताव गर्नुहुनेछ।

१६. बजेट प्रस्ताव गर्दा सम्भव भएसम्म एकमुष्ट बजेट (अबण्डा) प्रस्ताव गर्नुहुनेछैन।

१७. स्रोत व्यवस्थापनमा परेको चापका कारणले आर्थिक वर्षको अवधिमा थप निकासा हुन नसक्ने हुँदा सो लाई समेत मध्यनजर गरी बजेट प्रस्ताव गर्नुहुनेछ।

## अनिवार्य दायित्व तथा प्रशासनिक खर्च

१८. प्रदेशको राजश्व र अन्य स्रोतमा परेको चापको कारणले सीमित स्रोतको उच्चतम र मितव्ययी तवरले उपयोग गर्नु पर्ने भएको छ । यस सन्दर्भमा प्रशासनिक खर्च, सेवा र परामर्श खर्च, विविध खर्च लगायतको रकम न्यूनीकरण गरी सार्वजनिक खर्चलाई मितव्ययी हुने गरी प्रस्ताव गर्नुहुनेछ ।

१९. स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पारिश्रमिकको लागि बजेट प्रस्ताव गर्नुहुनेछ। अन्यत्र कार्यालयमा फाजिलमा कर्मचारी रहेको कारण पद रिक्त मानी सो स्थानमा करारमा राख्ने गरी बजेट प्रस्ताव गर्नुहुनेछैन।

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर नेपाल

प.सं.: २०८०/०८१
च.नं.: ६२४

मिति: २०८०/१२/३०

२०. पारिश्रमिक तथा सुविधा, पानी, विद्युत, सञ्चार महशुल लगायतका अनिवार्य दायित्व, प्रशासनिक खर्च शीर्षकहरुमा र प्रतिबद्ध दायित्वमा पर्याप्त बजेट प्रस्ताव गर्नुहुनेछ। घरभाडाको हकमा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्वन्धि निर्देशिका, २०७९ बमोजिम हुने बाहेकमा बजेट प्रस्ताव गर्नुहुनेछैन ।

२१. अत्यावश्यक अवस्थामा बाहेक फर्निचर तथा फिक्चर्स र कार्यालय संचालन सम्वन्धी उपकरण, सवारी साधन खरीदमा बजेट प्रस्ताव गर्नु हुनेछैन ।

२२. मन्त्रालय/कार्यालयमा विद्यमान जनशक्तिबाट सम्पादन हुने र नीतिनिर्माण गर्ने कार्यको लागि सेवा र परामर्श खर्चमा बजेट प्रस्ताव गर्नुहुनेछैन ।

२३. मन्त्रालय/निकायले बजेट प्रस्ताव गर्दा कार्यालय सञ्चालन खर्च (अनुगमन मूल्याङ्कन खर्च र विविध खर्च सहितका) मा चालु आ.व. मा विनियोजित बजेटभन्दा मितव्ययी हुने गरी प्रस्ताव गर्नुहुनेछ।

### क्रमागत तथा बहुवर्षीय र निरन्तरता दिनुपर्ने खर्च

२४. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सहमति प्रदान गरी आगामी आ.व.को लागि दायित्व सिर्जना भइसकेका बहुवर्षीय आयोजनाहरुको लागि तोकिएको बजेट सीमामा प्राथमिकताका आधारमा पर्याप्त विनियोजन गरी सकेपछि मात्र अन्य आयोजना तथा कार्यक्रममा बजेट प्रस्ताव गर्नुहुनेछ।

२५. बहुवर्षीय दायित्व भएका मन्त्रालयहरुले आयोजनाहरुको पुनः तालिकीकरण र प्राथमिकिकरण गरी आगामी आर्थिक वर्षमा सम्पन्न हुने आयोजनाहरुलाई पर्याप्त बजेट प्रस्ताव गर्नुहुनेछ।

२६. क्रमागत वा बहुवर्षिय आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा हालसम्मको खर्च र बाँकी दायित्व, चालु आर्थिक वर्षको अन्त्य सम्ममा हुने भौतिक तथा वित्तीय प्रगतिको विश्लेषण गरी आगामी वर्षका लागि बजेट प्रस्ताव गर्नुहुनेछ ।

२७. बहुवर्षिय आयोजनाको ठेक्का लागेको अवधिको सम्पूर्ण लगत (नाम, स्थान, शुरु मिति, सम्पन्न हुने मिति, विस्तृत आयोजना प्रतिवेदन, वित्तीय भौतिक प्रगति, तत्काल समस्या देखिएको वा नदेखिएको, निर्माण व्यवसायीको विगतको कार्य सम्पन्नताको अवस्था, भेरिएशन भए नभएको, मूल्य समायोजन भए नभएको आदि) तयार गरी बजेट प्रस्ताव एवम् छलफलमा संलग्न गर्नुहुनेछ ।

२८. यस मन्त्रालयबाट स्रोत सहमति प्राप्त आयोजना/कार्यक्रमलाई आर्थिक वर्ष २०८१/०८२ मा सिर्जना हुने दायित्व भुक्तानी गर्न पुग्ने रकम Earmark गरी प्रस्ताव गर्नुहुनेछ। यसरी प्रस्ताव पेश गर्दा बजेट नपुग हुने भएमा स्रोत सुनिश्चित गरिएका आयोजना मध्येबाट प्राथमिकिकरण बजेट व्यवस्थापन गर्नुहुनेछ।

२९. आयोजना/कार्यक्रम र बजेट प्रस्ताव गर्दा आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्वन्धि मापदण्ड , २०८० समेतको आधारमा गर्नुहुनेछ।

### नयाँ आयोजना/कार्यक्रम छनौटका आधार

प्रदेश सचिव

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर नेपाल

प.सं.: २०८०/०८१
च.नं.: ६२४

मितिः २०८०/१२/३०

३०. प्रदेश स्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्वन्धि कार्यविधि, २०८० वमोजिम आयोजनाहरुको छनौट र प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ । साथै यसरी आयोजना पहिचान र छनौट गर्दा पूर्वसम्भाव्यता तथा सम्भाव्यता अध्ययन, प्रचलित कानून वमोजिम गरिने वातावरणीय अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयारी पूरा भएका आयोजनालाई बजेट प्रस्ताव गर्नुहुनेछ । साथै, पहिलो त्रैमासिक अवधिभित्रै ठेक्का सम्झौता सम्पन्न हुन सक्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिनुहुनेछ ।

३१. नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा सो आयोजना कार्यान्वयन गर्ने निकायको संस्थागत क्षमता, जनशक्तिको उपलब्धता, साधन प्राप्तिको पूर्वानुमान गरी कार्ययोजना सहित आवश्यक परिमाणमा मात्र बजेट प्रस्ताव गर्नुहुनेछ ।

३२. पूर्वाधार विकास आयोजनाहरुको हकमा जग्गा प्राप्ति, आयोजना स्थल तयारी लगायत आयोजना पूर्वतयारीका क्रियाकलाप सम्पन्न भई कार्यान्वयनको लागि तयारी अवस्थामा रहेका आयोजनाको लागि मात्र बजेट प्रस्ताव गर्नुहुनेछ ।

३३. बजेट कार्यान्वयनमा विगतको अनुभवका आधारमा आगामी वर्षमा सम्पन्न हुने र त्यसपछिका वर्षहरुमा सम्पन्न गर्न सकिने आयोजनाहरुको कार्यान्वयन क्षमता समेत विचार गरी बजेट प्रस्ताव गर्नुहुनेछ । गरिबी न्यूनिकरण, सुशासन प्रवर्द्धन, वातावरण संरक्षण, लैंगिक समानता तथा समावेशी विकासमा सहयोग पुऱ्याउने आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुहुनेछ ।

३४. बजेट प्रस्ताव गर्दा कार्यक्रम तथा आयोजनाका क्रियाकलापहरु स्पष्ट खुलाएर बजेट प्रस्ताव गर्नुहुनेछ ।

३५. मर्मत सम्भार गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरुलाई प्रमाणित गरी प्राथमिकताका आधारमा मात्र बजेट प्रस्ताव गर्नुहुनेछ ।

## वित्तीय हस्तान्तरण

३६. संघबाट हस्तान्तरण हुने समपूरक अनुदान, सहलगानी एवम् लागत साझेदारीका आयोजना वा कार्यक्रममा प्रदेशले व्यहोर्नु पर्ने रकम समेत त्यहाँ मन्त्रालयकै बजेट सीमा भित्र रहेर विनियोजन गर्नुहुनेछ । संघ सशर्त, समपूरक र विशेष अनुदान प्राप्ति भएपछि मार्गदर्शन वमोजिम कार्यान्वयन गर्ने गरी PLMBIS प्रविष्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

३७. स्थानीय तहको कार्यक्षेत्रमा रहेका वा स्थानीय तहबाट सम्पादन हुन सक्ने आयोजना तथा कार्यक्रमहरुको हकमा आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० समेत हुने गरी सम्वन्धित स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने व्यवस्थाका लागि त्यहाँ मन्त्रालय/निकायको सीमा भित्रै रहेर बजेट प्रस्ताव गर्नुहुनेछ ।

३८. स्थानीय तहमा गर्नुपर्ने कुनै आयोजना/कार्यक्रम कार्यान्वयनका लागि बजेट प्रस्ताव गर्दा सशर्त अनुदानको रुपमा प्रस्ताव गर्नुहुनेछ । स्थानीय तहबाट कार्यान्वयन गर्ने कार्यक्रम तथा आयोजनाको स्पष्ट मोडालिटी तयार गरेर मात्र सशर्त अनुदानमा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।

प.सं.: २०८०/०८१
च.नं.: ६२४

मिति: २०८०/१२/३०

३९. स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्नका लागि प्रस्तावित कार्यक्रमको हकमा सम्वन्धित स्थानीय तहसंग अनिवार्य रुपमा समन्वय गर्नुहुनेछ । स्थानीय तहबाट सञ्चालित सशर्त अनुदान अन्तर्गत सम्बद्ध स्थानीय तहले अपनत्व लिने प्रकृतिका कार्यक्रम मात्र प्रस्ताव गर्नुहुनेछ ।

४०. स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०८१/०८२ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सम्वन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिसको कार्यान्वयन गर्नुहुनेछ।

४१. नेपालको संविधान एवम् कानूनी व्यवस्था अनुसार प्रदेशको कार्यक्षेत्र भित्र सीमित रहेर बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ । संघ तथा स्थानीय तहले खर्च व्यहोर्ने क्षेत्रमा प्रदेशबाट बजेट प्रस्ताव गर्नुहुनेछैन ।

**समग्रमा**

४२. आयोजनाको कूल लागत, हालसम्मको खर्च, आगामी तीन आर्थिक वर्षको लागि प्रस्तावित रकम, स्रोत, त्रैमासिक विभाजन, वार्षिक खरिद योजना/गुरुयोजना, आयोजना/कार्यक्रमको आवश्यकता, उद्देश्य, उपलव्धी र खर्चको सृजना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याँई गर्ने आवश्यक सूचना विस्तृत रुपमा खुलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गर्नुपर्ने सम्पूर्ण विवरणहरु उल्लेख गरी क्रियाकलापमा आधारित भएर बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ।

४३. मन्त्रालय/निकायले बजेट प्रस्ताव गर्दा दिगो विकास लक्ष्य संकेत, लैङ्गिक बजेट र जलवायु परिवर्तन सम्वन्धि संकेत समेतका आधारमा गर्नुहुनेछ।

४४. मन्त्रालय/निकायलाई उपलव्ध गराइएको बजेट सीमा रकमबाट मातहतका निकायलाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेटको सीमा प्राप्त गरेको एक हप्ताभित्रमा सीमा निर्धारण र बाँडफाँड गरिसक्नु हुनेछ। उक्त बाँडफाँट भएको बजेट Bottom -up Approach अनुरुप बजेट प्रस्ताव गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

४५. आयोजना/कार्यक्रम र बजेट प्रस्ताव गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्वन्धि निर्देशिका, २०७९ को दफा १९ को व्यवस्था कार्यान्वयन गर्ने व्यवस्थापन मिलाउनुहुनेछ।

४६. मन्त्रालय/निकाय र अन्तरगतका निकायका अनिवार्य दायित्व तथा प्रशासनिक खर्च शीर्षक अन्तरगतको बजेट प्रस्ताव **बैसाख २५** गते कार्यालय समय भित्रमा अनिवार्य रुपमा PLMBIS मा प्रविष्ट गर्नुहुनेछ ।

४७. मन्त्रालय/निकाय र अन्तर्गतका निकायका क्रमागत तथा बहुवर्षीय र निरन्तरता दिनुपर्ने खर्च शीर्षक अन्तर्गतको बजेट प्रस्ताव **जेठ १०** गते कार्यालय समय भित्रमा अनिवार्य रुपमा PLMBIS मा प्रविष्ट गर्नुहुनेछ।

४८. बजेट प्रस्ताव गर्दा वार्षिक खरिद योजना/गुरुयोजना अनिवार्य तयार गर्ने र PLMBIS मा समेत प्रविष्ट गर्नुहुनेछ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनुसूची-३ र ४ वमोजिम कार्यक्रम प्रस्ताव/स्वीकृतिको आधार को ढाँचामा प्रस्तावित आयोजना/कार्यक्रमको विवरण समेत तयार गर्नुहुनेछ।

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर नेपाल

प.सं.: २०८०/०८१
च.नं.: ६२४

मिति: २०८०/१२/३०

४९. सामाजिक एवम् आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समूहको उत्थान एवम् मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने कार्यक्रम/ आयोजनाहरुलाई प्राथमिकता दिनुहुनेछ ।

५०. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०/०७/१३ को निर्णयानुसार जारी भएको सुझाव कार्यान्वयन गर्ने सम्वन्धि २२ बुँदे निर्णयहरु तथा सुझावको कार्यान्वयन गरी आयोजना/कार्यक्रम र बजेट प्रस्ताव गर्नुहुनेछ।

५१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा महालेखापरिक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका सुझावलाई समेत आधार मानी आयोजना/कार्यक्रम र बजेट प्रस्ताव गर्नुहुनेछ।

श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगर ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।
श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।
श्री खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।
श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।
श्री सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।
श्री स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।
श्री प्रदेश योजना आयोग, कोशी प्रदेश, विराटनगर ।

२०८०/१२/३०

.................................
खगेन्द्र खड्का
नि. प्रदेश सचिव

फोन नं. ०२१-५७३६७६ इमेल: info.moeap@p1.gov.np